बुटवल उद्योग वाणिज्य संघ
रुपन्देही




आर्थिक बर्ष २०८१।८२ को बजेट सम्बन्धि अन्तरक्रिया कार्यक्रम

मितिः २०८१।०२।२८

सिए. सगुण खनाल,


आ.ब. २०८१।८२ को बजेटको समग्र आर्थिक चित्रण


बजेटको आकार



सिए. सगुण खनाल

बजेट र वास्तविक खर्च





आ.ब. २०८०।८१ बजेटको वितरण

चालु खर्च ६१%


रु. ११.४१ खर्ब

पूँजीगत खर्च १९%

रु. ३.५२ खर्ब

वित्तीय खर्च २०%

रु. ३.६७ खर्ब



आ.ब. २०८०।८१ बजेटको स्रोतहरु

राजश्व ६८%

रु. १२.६० खर्ब

वैदेशिक अनुदान ३%


रु. ०.५२ खर्ब

आन्तरिक ऋण १८%

रु. ३.३० खर्ब

वैदेशिक ऋण ११%

रु. २.१८ खर्ब




आर्थिक विधेयक २०८१
केहि शैद्धान्तिक परिवर्तनहरु

भन्सार महसुल ऐन

बजेट बक्तव्यमा समेत घोषणा भए अनुसार निकासी तथा पैठारिमा लाग्ने भन्सार महसुल तथा सो सम्बन्धि विभिन्न शुल्क एवं दस्तुरका लागि नयाँ **"भन्सार महसुल ऐन, २०८१"** विधेयक संसदमा पेश भएको छ ।

उक्त विधेयकका व्यवस्थाहरु मिति २०८०।०२।१५ देखि नै लागु गरिएको छ ।


भन्सार महसुल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८१

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

हरित कर

कार्बन उत्सर्जन घटाउने अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा सरकारले गठन गरेको उच्चस्तरीय कर सुधार सुझाव समितिको प्रतिवेदन अनुरूप पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित करको व्यवस्था गरिएको छ । पैठारिमा ०.५% देखि १% सम्म तथा रु. ०.५ प्रति ईकाई देखि रु. १ प्रति ईकाई सम्म हरित कर लगाईएको छ ।

अहिले अन्तर्राष्ट्रिय बहसका रूपमा हरित अर्थतन्त्र अर्थात् 'ग्रिनोमिक्स' र हरित करको विषय उठेको छ ।

हाल कायम रहेको प्रदुषण नियन्त्रण शुल्क केवल प्रेट्रोल र डिजेलमा मात्र लाग्ने गरेकोमा हरित करको दायरा फराकिलो पार्ने राज्यको उद्देश्य देखिन्छ ।

आर्थिक विधेयक २०८१
रावश्वका अन्य स्रोतहरुमा भएका व्यवस्थाहरु

विद्युतीय सेवा कर

आर्थिक विधेयक, २०८१ दफा १६

व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिनेछ ।



तर विद्युतीय सेवाको वार्षिक ~~बीस लाख~~ **तिस लाख** रूपैयाँसम्मको कारोबारमा यस दफा बमोजिमको कर लाग्ने छैन ।

वैदेशिक पर्यटन शुल्क

आर्थिक विधेयक, २०८१ दफा २०



वदेशमा पर्यटन भ्रमणमा जाने नेपाली पर्यटकले भुक्तानी गर्ने रकममा ५% वैदेशिक पर्यटन शुल्क लाग्नेछ ।

वैदेशिक भ्रमणको प्याकेज विक्रेताले प्याकेज बेच्दा

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "वैदेशिक भ्रमणको प्याकेज" भन्नाले यातायातका साधन, खाना तथा बसोवास, घुमफिर तथा मनोरञ्जन समेतको प्याकेज सम्झनु पर्छ ।

फर्म वा कम्पनीले आफू सम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजादा लाग्ने खर्च लेखाङ्कन गर्दा ।

आर्थिक विधेयक २०८१

छुट एवं सहुलियतहरु

दफा २२ देखि ३० सम्म

लागु हुने मिति : २०८१।०२।१५

करको दायरमा आउनेलाई छुट

छुट कस्ले पाउने ?




विगतमा कर लाग्ने आय आर्जन गरेको तर पान नं. नलिएका व्यक्ती ।

के के गर्नुपर्छ ?



- पान नं. लिई आ.ब. २०७८।७९ र ७९।८० को आय विवरण बुझाउने
- सो विवरण अनुसारको कर बुझाउने ।



कहिलेसम्म गर्नुपर्छ ?

२०८१ फाल्गुण मसान्तसम्म

कुन अवधिका लागि पाउने ?



हालसम्मका लागि पाउने ।

के के छुट पाईन्छ ?

- सो बर्षका शुल्क तथा व्याज मिनाहा हुने ।
- सो अघिका बर्षहरुको कर, शुल्क, व्याज सबै मिनाहा हुने



आय विवरण बुझाउन बाँकीलाई छुट

छुट कस्ले पाउने ?




पान नं. लिएका तर आय विवरण बुझाउन बाँकी करदाता ।

के के गर्नुपर्छ ?



- बाँकी रहेका सबै आ.ब. को आय विवरण बुझाउने ।
- सो विवरण अनुसारको कर बुझाउने ।
- २५% व्याज समेत बुझाउने ।



कहिलेसम्म गर्नुपर्छ ?

२०८१ फाल्गुण मसान्तसम्म

कुन अवधिका लागि पाउने ?



हालसम्मका लागि पाउने ।

के के छुट पाईन्छ ?

- शुल्क तथा बाँकी ७५% व्याज सबै मिनाहा हुने



मू.अ.कर विवरण पेश नगरेकालाई छुट

छुट कस्ले पाउने ?




२०८० असार मसान्त सम्मको **मू.अ.कर विवरण पेश नगरेका मू.अ.करमा दर्ता भएका** करदाता ।

के के गर्नुपर्छ ?



- बाँकी रहेका मू.अ. कर विवरण पेश गर्ने ।
- सो विवरण अनुसारको मू.अ.कर बुझाउने ।
- ५०% व्याज समेत बुझाउने ।



कहिलेसम्म गर्नुपर्छ ?

२०८१ फाल्गुण मसान्तसम्म

कुन अवधिका लागि पाउने ?



२०८० असार मसान्तसम्मका लागि पाउने ।

के के छुट पाईन्छ ?

- जरिवाना, थप दस्तुर तथा बाँकी ५०% व्याज सबै मिनाहा हुने ।



मू.अ.कर विवरण पेश गरेका तर भुक्तानी नगरेका करदाताले यस सुविधा नपाउने ?

ढुवानी सेवाको कारोबार गर्नेलाई छुट

छुट कस्ले पाउने ?



- मू.अ.करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्ति ।
- मू.अ.कर दर्ता भई वा नभई मू.अ.कर संकलन नगरेको ।

कुन अवधिका लागि पाउने ?




२०७६ जेष्ठ १५ गते देखि
२०७८ जेष्ठ १४ गतेसम्म

के के गर्नुपर्छ ?



- सो कारोबारको १% ले हुने रकम दाखिला गर्ने ।
- बक्यौता रहेको, प्रशासकिय पुनरावलोकन वा न्यायिक निकायमा मुद्दा विचाराधिन रहेको भएमा मुद्दा फिर्ता लिने ।



कहिलेसम्म गर्नुपर्छ ?

२०८१ मंसिर मसान्त

के के छुट पाईन्छ ?

बाँकी मू.अ.कर, व्याज, जरिवाना तथा थप दस्तुर सबै मिनाहा हुने ।



आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा छुट

छुट कस्ले पाउने ?



- नेपालमा उत्पादन भएका आलु, प्याज तथा स्याउको कारोबार गर्ने व्यक्ति ।
- मू.अ. कर संकलन नगरेको ।
- आ.रा.का. बाट कर निर्धारण भई बुझाउन बाँकी रहेको ।

कुन अवधिका लागि पाउने ?




२०८१ जेष्ठ १४ गते गतेसम्मका लागि छुट पाउने ।

के के गर्नुपर्छ ?

स्वतः मिनाहा हुने ।





कहिलेसम्म गर्नुपर्छ ?

स्वतः मिनाहा हुने ।

के के छुट पाईन्छ ?

मू.अ.कर, व्याज, जरिवाना तथा थप दस्तुर सबै मिनाहा हुने ।



मू.अ.कर संकलन गरेको भए नियमित तरिकाबाट दर्ता खारेज गर्ने ।

आयकर ऐन, २०५८ मा संसोधन
आर्थिक विधेयक, २०८१ दफा ३६
लागु हुने मिति : उपदफा १४ तुरुन्त, बाँकी २०८१।०४।०१ देखि

योगदानमा आधारित अवकाशु भुक्तानी

नयाँ व्यवस्था थप दफा २ खण्ड (त्र१)

"योगदानमा आधारित अवकाश भुक्तानी" भन्नाले कर्मचारी वा कामदारको पारिश्रमिकबाट **मासिक रुपमा कट्टा गरिएको रकम तथा रोजगारदाताबाट अवकाश योगदान बापत थप** गरी स्वीकृत अवकाश कोषमा जम्मा गरिएको रकम **र सो रकममा वृद्धि भएको रकम** समेतको भुक्तानी सम्झनु पर्छ ।

तर देहायको भुक्तानीमा देहायका दरले कर कट्टी गर्नु पर्नेछः-

(१) नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले,

स्थायी संस्थापनको परिभाषमा थप

नयाँ व्यवस्था थपः दफा २ खण्ड (कद) उपखण्ड (४) पछि (५)

नेपाल बाहिर रही नेपालमा उल्लेख्य डिजिटल उपस्थिति जनाएमा उक्त स्थान वा नेपाल बाहिर सर्भर राखी विगत बाह्र महिनाको अवधिमा कम्तीमा नब्बे दिन नेपालमा तथ्याङ्क वा सेवाको कारोबार गरेमा उक्त स्थान ।

(कद) "स्थायी संस्थापन" भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थान सम्झनु पर्छ र सो शब्दले देहायका स्थान समेतलाई जनाउँछः-

(१) व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्ट मार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान,

(२) कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेशिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान,

(३) कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारी मार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एकभन्दा बढी स्थान, वा

(४) कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरेको स्थान।

कर छुटको आम्दानीमा परिवर्तन

दफा १० खण्ड (ट) हटाईएको:


~~जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।~~


खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकममा आ.ब. २०८१।८२ बाट आयकर लाग्ने ।

सुचना प्रविधि उद्योगलाई सहुलियत

दफा ११ उपदफा (३ठ) विशेष उद्योग, **सूचना प्रविधि उद्योग** र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई **सोही उद्योगको क्षमता विस्तारको लागि** शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा शतप्रतिशत छुट हुनेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "सूचना प्रविधि उद्योग" भन्नाले टेक्नोलोजी पार्क, सूचना प्रविधि पार्क, बायोटेक पार्क, सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, डिजिटल म्यापिङ्ग, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, डाटा माइनिङ्ग, क्लाउड कम्प्युटिङ्ग सम्बन्धी उद्योग सम्झनु पर्छ ।









अग्रिम आयकरलाई खर्च कट्टि मान्ने

दफा २१(१) खण्ड (ख)

यस ऐन बमोजिम बुझाउनु पर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानून वा सो कानून अन्तर्गत बनेको कुनै नियम, विनियमको उलङ्घन गरे बापत बुझाइएको जरिवाना र यस्तै अन्य शुल्क,

तर **दफा ९५क. को उपदफा (७) बमोजिम असुल भई उक्त आय वर्षमा मिलान हुन नसकेको कर,** प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रूपमा कट्टी गर्न पाइनेछ ।

अग्रिम आयकर सार्न नमिल्ने

नयाँ व्यवस्था थप गरेको दफा ११३(८)


कुनै आय वर्षमा दफा ९५क. को उपदफा (७) बमोजिम असुल गरिएको रकमलाई सोही वर्षमा तिर्नु पर्ने वार्षिक कर दायित्वमा मिलान गर्दा बढी हुन आएको रकम आगामी आय वर्षमा सारी लैजान वा फिर्ता पाउने छैन ।

नगदमा तलब भुक्तानी गर्न नपाईने

नयाँ व्यवस्था थप दफा २१(१) खण्ड (ङ१)

ङ१) बैङ्क मार्फत भुक्तानी नभएको प्रतिव्यक्ति मासिक पच्चीस हजार रुपैयाँभन्दा बढीको पारिश्रमिक, वा

मासिक तलब २५०००।००
भन्दा बढि



नगदमा भुक्तानी

खर्च कट्टि गर्न
नपाईने

दफा ५७ मा परिवर्तन

दफा ५७ नियन्त्रणमा परिवर्तन

(१) कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ ।

तर साबिकका शेयरवाला तथा साझेदारको शेयर संख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन ।

पूर्वदेश लागुहुने

नयाँ व्यवस्था थप दफा ७६ उपदफा (६)

उपदफा (१) बमोजिम जारी गरिएको कुनै पूर्वदिश रद्द नगरिएसम्म सो पूवदिश बमोजिम कारबाही गर्न विभाग बाध्य हुनेछ ।

अवकाश भुक्तानीहरु

दफा ६५ (१) कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछः-

(क) सो कोषमा रहेको हित बापत सो कोषले गरेका अवकाश भुक्तानीहरूलाई आयमा समावेश गर्नु पर्नेछ, र


(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रूपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ ।

~~स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "योगदानमा आधारित हित" भन्नाले दफा ६३ को उपदफा (३) बमोजिम तोकिएको सीमाभित्र रही गरिएको अवकाश योगदानसँग सम्बन्धित हितलाई सम्झनु पर्दछ ।~~

कागजातको अभिलेख राख्ने

दफा ८१ उपदफा (४)

विभागले मापदण्ड र प्रक्रिया तोकी कुनै व्यक्तिले विद्युतीय माध्यमबाट बीजक जारी गर्न र उपदफा (१) बमोजिम राख्नु पर्ने कागजातहरू विद्युतीय माध्यमबाट राख्न स्वीकृति दिन सक्नेछ।



मुल्य अभिवृद्धि कर ऐन, २०५३ दफा २९(१) खण्ड (छ१) र (छ२) मा समेत सोहि दण्ड रहेको

दण्ड जरिवाना

दफा ११९क शुल्क लाग्ने

दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजक जारी गर्न स्वीकृति लिएको वा स्वीकृति नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेको पाइएमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।

(२) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजकको सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।

कागजातको अभिलेख राख्ने

नयाँ व्यवस्था थप दफा ८१ (५)

उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएको करदातालाई अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (सिबिएमएस) मा आबद्ध गर्न आदेश दिन सक्नेछ ।

नयाँ व्यवस्था थप दफा ८१ (६)

(६) विद्युतीय माध्यमबाट बीजक जारी गर्ने सफ्टवेयर वा उपकरणको सुरक्षण तथा विश्वसनीयता सम्बन्धमा विभागले कार्यविधि बनाई लागू गर्नेछ । त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नु पर्नेछ ।

व्यवसायको कारोबार अलग राख्ने

नयाँ व्यवस्था थप दफा ८१क.

व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने:कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैङ्क खातामा जम्मा गर्न पाइने छैन ।



व्यवसायको रकम व्यक्तिगत खातामा जम्मा गर्ने



दण्ड जरिवाना

दफा ११९क शुल्क लाग्ने

(३) दफा ८१क. को उल्लङ्घन गरेमा प्रत्येक पटकको अनुगमनमा पाँच हजार रुपैयाँ वा कुल रकमको दुई प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्नेछ ।

अग्रिम करकट्टि दर

दफा ८८(१) अग्रिम करकट्टि प्रतिबन्धात्मक वाक्याशं खण्ड (९)

बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैङ्क वा अन्य वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको व्याज भुक्तानी गर्दा ~~दश~~ **पाचँ** प्रतिशतका दरले ।

आकस्मिक लाभमा करकट्टि

दफा ८८क(२)

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुर्‍याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कारमा आकस्मिक लाभ कर लाग्ने छैन ।

तर पुरस्कार रकम पाँच लाख रुपैयाँभन्दा बढी भएमा सो बढी भएको रकममा आकस्मिक लाभ कर लाग्नेछ ।

किस्ताबन्दिमा कर दाखिला

नयाँ व्यवस्था थप दफा ९४(२क)

(२क) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गको आयमा दफा ९५क. बमोजिम दाखिला गर्नु पर्ने अग्रिम कर रकम किस्ताबन्दी रूपमा दाखिला गर्नु पर्ने छैन ।

अग्रिम आयकर

परिवर्तित व्यवस्था दफा ९५क(७) व्यापारिक प्रयोजनको लागि भन्सार महसुल सम्बन्धी प्रचलित कानून बमोजिम पैठारी हुने देहायको वस्तुमा देहाय बमोजिम भन्सार बिन्दुमा अग्रिम आयकर असुल गरिनेछः-

(क) भन्सार दरबन्दीको भाग १ मा पर्ने जीवित जन्तु, भाग २ मा पर्ने मासु र खान हुने कमसल मासु (अफल), भाग ३ मा पर्ने जीवित, ताजा तथा सबै प्रकारका माछाजन्य उत्पादन, भाग ६ मा पर्ने फुलहरु तथा अन्य उत्पादन, भाग ७ मा पर्ने खान हुने वनस्पति र केही जरा र गानाहरु, भाग ८ मा पर्ने खान हुने फल तथा काष्ठफल र अन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा **दश** प्रतिशत ।

(ख) भन्सार दरबन्दीको भाग ४ मा पर्ने दूधजन्य पदार्थ, अण्डा, मह लगायतका अन्य उत्पादन, भाग १० मा पर्ने बिउ बाहेकका सबै प्रकारका खाद्यान्न, भाग ११ को मैदा, आँटा तथा पिठो लगायतका अन्य उत्पादन, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा दुई दशमलव पाँच प्रतिशत ।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत मात्र अग्रिम आयकर असुल गरिनेछ ।

अग्रिम आयकर

सविक व्यवस्था दफा ९५क(७) व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैंसी, खसी, बोका, भेडा, च्याङ्ग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमीकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु प्याज सुक्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफूलहरुमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा पाँच प्रतिशत तथा

भाग २ को मासु, भाग ४ को द्धजन्य पदार्थ. अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा दुई दशमलव पाँच प्रतिशत अग्रिम आयकर भन्सार बिन्दुमै असुल उपर गरिनेछ ।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत अग्रिम आयकर असुल उपर गरिनेछ ।

स्रोत नखुलेको सम्पत्तीमा कर

नयाँ व्यवस्था थप १०१क. स्रोत नखुलेको सम्पत्तिको कर निर्धारण:

(१) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ बमोजिम कुनै व्यक्तिको स्रोत नखुलेको सम्पत्तिको कर निर्धारण सम्बन्धमा विभागमा लेखिआएमा सो दफाको अधीनमा रही विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको विषयमा छानबिन गर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिम छानबिन गर्दा कर सम्बन्धी कुनै कसूर गरेको नदेखिएमा सो वर्षको आयमा लाग्ने अधिकतम दरले हुने आयकर त्यस्तो व्यक्तिबाट असुल गरिनेछ

२८. सम्पत्तिको स्रोत प्रमाणित गर्नु पर्ने : (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्तिको स्रोत प्रमाणित गर्न नसकेमा स्रोत प्रमाणित गर्न नसकेको जति त्यस्तो सम्पत्ति जफत हुनेछ ।

विवरण दाखिल नगरेमा लाग्ने शुल्क

दफा ११७(१) खण्ड(ग)

दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा ~~एक सय रुपैयाँ प्रति महिनाका दरले~~ **प्रति विवरण बाह्र सय रुपैयाँ तथा एक वर्षभन्दा कम अवधि भएमा प्रतिमहिना एक सय रुपैयाँका दरले** हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए त्यस्तो रकम नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए त्यस्तो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा ~~एक सय रुपैयाँ प्रति महिनाका दरले~~ **प्रति विवरण बाह्र सय रुपैयाँ तथा एक वर्षभन्दा कम अवधि भएमा प्रतिमहिना एक सय रुपैयाँका दरले** हुने रकममध्ये जुन बढी हुन्छ त्यस्तो रकम ।







प्रति महिना १००।००

बढिमा १२००।०० प्रति आ.ब.

मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संसोधन
आर्थिक विधेयक, २०८१ दफा ३४
लागु हुने मिति : २०८१।०२।१५

विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता

दफा १०ख१ विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्था:

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा ~~बीस~~ **तीस** लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवा **वा अफलाईन हवाई यातायात सेवाको** कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।

(२) ~~विद्युतीय सेवाको कारोबार गर्ने~~ **उपदफा (१) बमोजिम** गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ ।

दर्ता खारेजी

दफा ११ दर्ता खारेजी:

(१) कर अधिकृतले देहायको कुनै अवस्थामा दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्नेछ:-

(क) सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था बन्द, बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो सङ्गठित संस्थाको अस्तित्व कायम नरहेमा,

(ख) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,

(ग) साझेदार संस्था भए त्यस्तो साझेदारी संस्था बिघटन भएमा वा साझेदारको मृत्यु भएमा,

(घ) दर्ता भएको व्यक्तिले कर लाग्ने कारोबार गर्न छाडेमा,

(ङ) लगातार बाह्र महिनासम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा

(च) विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र **वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा ~~बीस लाख रुपैयाँ~~ तीस लाख रुपैयाँ** करयोग्य कारोबार नपुगेको करदाता भएमा,

(छ) भूलवश दर्ता भएकोमा ।

कर विवरण नबुझाउनेको आयता निर्यात रोक्का

उपदफा (२) पछि उपदफा (३) थप गरिएको

(३) यस दफा बमोजिम कर विवरण बुझाउनु पर्ने करदाताले कर विवरण बुझाउनु पर्ने मिति समाप्त भएको चार महिनासम्म नबुझाएमा कर अधिकृतले त्यस्तो करदाताको आयात वा निर्यात रोक्का गर्न सक्नेछ ।

१८. **कर विवरण पेश गर्नु पर्ने:** (१) करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष [६९]वा हुलाकबाट रजिष्ट्री गरी वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ। यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि पेश गर्नु पर्नेछ।

[७०](१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय नभएका जिल्लाका करदाताले आफूले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम र कर विवरण पेश गर्न सक्नेछ। यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनु पर्नेछ।

[७१](१ख) दफा १०ख१., उपदफा (१) र उपदफा (१क) बमोजिम विवरण पेश गर्ने र पठाउने कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका करदाताले एक महिनाभन्दा कम वा बढी अवधिको कर विवरण पेश गर्न सक्नेछ।

कर अधिकृतले कर निर्धारण गर्न सक्ने

उपदफा (१) खण्ड (ञ) मा संसोधन गरिएको:

दफा ८ को उपदफा ~~(२) वा (३)~~ (२), (२क) वा (३) बमोजिम कर दाखिला नगरेमा ।

२०. **कर अधिकृतले कर निर्धारण गर्न सक्नेः** (१) देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछः–

(क) म्यादभित्र कर विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटिपूर्ण कर विवरण पेश गरेमा,

(ग) झुट्टा कर विवरण पेश गरेमा,

(घ) करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा,

८६(ङ) आपूर्ति मूल्यमा न्यून बीजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा,

८७(च) न्यून बीजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,

८८(छ) दर्ता हुनु पर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा,

८९(ज) बीजक जारी नगरी बिक्री गरेमा,

९०(झ) दर्ता नभएको व्यक्तिले कर उठाएमा,

९१(ञ) दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा,

९२(ट) दफा १७ को उपदफा (४) को अवस्था विद्यमान भएमा।

मू.अ. कर नलाग्ने भएका नयाँ वस्तु तथा सेवाहरु

अनुसूची १



आलु



प्याज र छ्यापीहरु



स्याउ



बाख्रका मासु

अनुसूची २



अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरि बनाईएका स्कूटर

मू.अ. कर लाग्ने भएका केही नयाँ वस्तु तथा सेवाहरु

अनुसूची १ बाट हटाईएका








- Mangosteen
- Frozen Meat of Sheet
- Charcoal
- Flammable woof
- Insecticides
- Shavel
- Diagnostic Kits
- Dressing Bandage
- X-ray films
- Cotton *Lungi, Dhoti, Sari*

अन्तशुल्क ऐन, २०५८ मा संसोधन

आर्थिक विधेयक, २०८१ दफा ३५

लागु हुने मिति : २०८१।०२।१५

सुर्तीजन्य वस्तुको परिभाषामा परिवर्तन

दफा २ खण्ड (ज१) "**सुर्तीजन्य वस्तु**" भन्नाले सुर्ती वा सुर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिँडी, ~~सिग्मास्लाई~~ **सिगार, विद्युतीय चुरोट (भेप) र हुक्का फ्लेवरलाई** समेत जनाउँछ ।







म्याद सकिएको वस्तुमा अन्तशुल्क कट्टी

दफा ३क(४) आगजनी, चोरी, दुर्घटना, ध्वंशात्मक गतिविधिको कारण हानि नोक्सानी भएको **वा उपयोगको म्याद सकिएको कारणले मौज्दातमा रहन गएको** वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ ।

अन्तशुल्क छुट हुने

दफा ४ग(२) खण्ड (ख) मा संसोधनः

कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य ~~निकायहरुले सरकारी एवं गैह्र सरकारी संघ, संस्था)~~ सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाले महसुल सुविधामा पैठारी गरेको सुरु उत्पादन वर्षले ~~प्रन्ध्र~~ दश वर्ष नाघेको वा कूटनीतिक नियोग र कूटनीतिक कर्मचारीले प्रयोग गरेको दुर्घटना वा प्राविधिक कारणले सञ्चालन हुन नसक्ने पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्यापमा गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा ।

[३२]४ग. **अन्तःशुल्क छुट हुनेः** (१) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले परराष्ट्र मन्त्रालयको सिफारिसमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छुट हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समेत अन्तःशुल्क छुट हुनेछः-

(क) विदेशी नियोग तथा दातृसंस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका [३३]सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

अन्तशुल्क ईजाजतपत्र सम्बन्धी व्यवस्था

दफा ९(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु ४६ उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन ।

तर नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तुहरूको **पैठारी,** बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन ।

दफा ९(६क) उपदफा (५) बमोजिमको अवधिभित्र ~~नवीकरण नगरेउने उत्पादन र पैठारी गर्ने बाहेकका ईजाजतपत्रवालाले ईजाजतपत्र~~ नविकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको ~~पच्चीस~~ **पचास** प्रतिशत, त्यसपछिको **दोस्रो** तीन महिनाभित्र ~~पचास~~ **शत** प्रतिशत ~~त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत~~ र त्यसपछि ~~असार मसान्तसम्मको अवधिको लागि शत प्रतिशत~~ **सो आर्थिक वर्षको बाँकी अवधिसम्मको लागि दुई सय प्रतिशतका दरले** जरिवाना बुझाउनु पर्नेछ ।

अल्कोहलको मात्रा जाचँ गर्ने

दफा १०छ अल्कोहलको मात्रा जाचँ गर्ने

(१०छ) अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिइ निष्कासन गरेको मदिरा र चुलाइमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण **विभागको प्रयोगशाला वा विभागले तोके बमोजिमको प्रयोगशालाबाट** गर्न सक्नेछ । अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइने छैन ।

अन्तशुल्क टिकट

दफा १०ञ१ अन्तशुल्क टिकटको प्रयोगः(नया दफा थप)

(१) नेपाल भित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेको अन्तःशुल्कजन्य वस्तुमा अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ ।

(२) अन्तःशुल्क टिकटको ढाँचा विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

अन्तशुल्क टिकटको परिक्षण

१०ट. अन्तःशुल्क टिकट परीक्षण गर्ने:

मदिरा, बियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ ।

स्पष्टिकरण थप गरिएको:

"**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "नक्कली अन्तःशुल्क टिकट" भन्नाले,-

(१) विभागबाट स्वीकृत सुरक्षण सङ्केत चिन्ह, विशेषता वा गुणस्तर बमोजिम नभएको वा फरक भएको,

(२) एउटा उद्योग वा प्रतिष्ठानको लागि जारी भएको अन्तःशुल्क टिकट अर्को उद्योग वा प्रतिष्ठानबाट प्रयोग गरिएको.

(३) विभागको स्वीकृत बेगर एउटा वर्ग (क्याटोगरी) को उत्पादनको लागि जारी भएको अन्तःशुल्क टिकट अर्को वर्ग (क्याटोगरी) को उत्पादनमा प्रयोग भएको,

(४) एक पटक प्रयोग भइसकेको अन्तःशुल्क टिकट पुनः प्रयोग गरेको,

(५) च्यातिएको वा टुक्र्याइएको वा झुट्टा (फेक) क्युआर कोड भएको।"

अन्तशुल्क लाग्ने वस्तु तथा टिकट नष्ट गर्न सक्ने

दफा १०ठ नष्ट गर्न सक्ने (नया थप दफा)

(१) विभागले तोकेको विशेषता वा मापदण्ड अनुरुप नभएको कारण प्रयोग नगर्ने निर्णय गरी मौज्दातमा राखिएको, लगत नभएको, ओस लागेको, ढुसी परेको, धमिराले खाएको, च्यातिएको, नेपाल सरकारको निशाना छाप परिवर्तन भएको कारण प्रयोग गर्न उपयुक्त नभएका, सिरियल नम्बर नमिलेका, सिरियल नम्बर नभएको, साइज तथा आकार नमिलेको, आगलागीको कारण आंशिक रुपमा जलेको, ध्वंसात्मक गतिविधिको कारण क्षति पुगेको वा अन्य कुनै कारणले प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको अन्तःशुल्क टिकट तोकिएको समितिले परिमाण यकीन गरी नष्ट गर्न सक्नेछ ।

तर परिमाण यकीन गर्न नसकिने पुराना टिकटको हकमा यथास्थितिको मुचुल्का बनाई समितिले नष्ट गर्न सक्नेछ ।

(२) उपभोगको म्याद समाप्त भएका सूर्तीजन्य वस्तु, चुरोट, वियर, वाईन तथा अन्य उपभोगमा आउन नसक्ने अन्तशुल्क लाग्ने वस्तु तोकिए बमोजिम नष्ट गर्न सकिनेछ ।

दण्ड, सजायहरु

दफा १६ दण्ड उपदफा (४) खण्ड (ट)

(ट) **प्रतिष्ठानले आफूले उत्पादन गरेको** स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्रि गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

दफा १६ दण्ड उपदफा (४) खण्ड (ध)

(ध) अन्तःशुल्क अधिकृतले मदिरा, चुरोट, सुर्तीजन्य वस्तु, मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मोलासेस र स्प्रिट तथा अन्य अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने इजाजतपत्रवालाको मौज्दात परीक्षण गर्दा ~~अन्तशुल्क नियमावली २०५९ बमोजिम~~ तोकिएको खरिद खाता वा मौज्दात खातामा उल्लेख भएको भन्दा बढी वस्तु मौज्दात फेला परेमा यस्तो वस्तु आम्दानी बाँध्न लगाई त्यसरी बढी फेला परेको वस्तुको बजार मूल्य कायम गरी त्यस्तो मूल्यको शतप्रतिशतले हुने रकम,

भन्सार ऐन, २०६४ मा संसोधन
आर्थिक विधेयक, २०८१ दफा ३७
लागु हुने मिति : २०८१।०२।१५

जाचँपासपछि परिक्षण

दफा ३४ जाँचपासपछि परीक्षण गर्न सकिने :

(१) निकासी वा पैठारी भएको मालवस्तुको सम्बन्धमा देहायका कुराहरु यकिन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद, बिक्री निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ

दफा ३४ उपदफा (१८) मा संसोधन

(१८) यस दफा बमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले ~~चार~~ दुई वर्षसम्म गर्न सकिनेछ ।

तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्टा लिखत वा कागजात तयार गरी प्रचलित कानून बमोजिम लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई~~चार~~ दुई वर्षपछि समेत परीक्षण गर्न सक्नेछ ।

जफत भएको वस्तु सम्बन्धमा

दफा ४७ जफत भएको र भन्सारबाट नछुटाएको मालवस्तु नेपाल सरकारको हुने :

(१) यस ऐन बमोजिम जफत गरिएको मालवस्तु नेपाल सरकारको हुनेछ ।

(२) भन्सारमा रहेको मालवस्तु सम्बन्धित मालवस्तु धनीले तोकिएको अवधिभित्र छुटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र छुटाई नलगेको मालवस्तु छुटाई लैजान सम्बन्धित भन्सार कार्यालयले ~~सात~~ **प्रन्ध** दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

जफत गर्नुपर्ने मालवस्तु

दफा ४९ जफत गर्नु पर्ने मालवस्तु

यस ऐन बमोजिम कुनै मालवस्तु जफत हुने निर्णय भएमा त्यस्ता मालवस्तुसँग सम्बन्धित देहायका मालवस्तु समेत जफत हुनेछन्:

(क) **कार्गो रेलबाट ढुवानी भएको कन्टेनर बाहेक** मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्रहरु,

(ख) मालवस्तु ढुवानी गर्न प्रयोग गरिएका रेल, हवाईजहाज बाहेक रिक्सा, टाँगा, जनावर लगायत सबै किसिमका सवारी साधनहरु,

(ग) खण्ड (ख) बमोजिमका सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अरु सामग्रीहरु ।

भन्सार महसुलमा संसोधन
भन्सार महसुल विधेयक, २०८१
लागु हुने मिति : २०८१।०२।१५

प्रतितपत्र मार्फत पैठारि गर्दाको छुट नपाईने

विगत बर्षहरुमा, भारत तथा चिनको तिब्बतबाट प्रतितपत्र मार्फत उक्त देशमा नै उत्पादन भएका मालवस्तु पैठारी गर्दा मूल्यगत दरलाग्ने भन्सार महसुलमा निम्नानुसारको छुट पाईने गरेकोमा **मिति २०८१।०२।१५ देखि सो छुट नपाईने भएको छ ।**


विगतमा पाईने महसुल छुटको दरः

भन्सार महसुल दर	छुट %
५% देखि ३०% सम्म	महसुल दरको ५%
३०% देखि माथि	महसुल दरको ३%

कुनै मालवस्तुको पैठारीका लागि साफ्टा सुविधा तथा अन्य कुनै व्यवस्था मार्फत भन्सार महसुल छुट भएको अवस्थामा उपरोक्त अनुसार प्रतितपत्र मार्फत पैठारी वापतको महसुलमा छुट पाईदैनथ्यो ।

यात्रुले ल्याउने मालवस्तु सम्बन्धमा

मालवस्तु	सुन
पहिलो ५० ग्राम	प्रचलित दर
थप ५० ग्राम	प्रचलित दर + ३% थप
थप	थप जफत







मालवस्तु	सुनका गहना
पुरुष २५ ग्राम, महिला ५० ग्राम	महसुल नलाग्ने
थप ~~१०० ग्राम~~ ५० ग्राम	प्रचलित दर
थप ~~१०० ग्राम~~ ५० ग्राम	प्रचलित दर + ३% थप
थप	थप जफत

सामान्य आकार दिएर बनाइएका बेरुवा औठि, बाला, सिक्रि जस्ता ~~रसायन प्रयोग नगरिएका~~ लाई गहना नमानीने ।

यात्रुले ल्याउने मालवस्तु सम्बन्धमा

मालवस्तु	फोन
श्रम स्वीकृत लिई लगातार कम्तीमा ६ महिना बिदेश बसि फर्केको यात्रु	आफूले प्रयोग गरिरहेको बाहेक थप १ थन फोन





मालवस्तु	टेलिभिजन
श्रम स्वीकृत लिई लगातार कम्तीमा १२ महिना बिदेश बसि फर्केको र सामाजिक सुरक्षा कोषमा आवद्ध भएको यात्रु	जुनसुकै आकार प्रकारको एक थान टेलिभिजन
श्रम स्वीकृत लिई लगातार कम्तीमा १२ महिना बिदेश बसि फर्केको र सामाजिक सुरक्षा कोषमा आवद्ध भएको बाहेक अन्य यात्रु	३२" सम्मको एक थान टेलिभिजन

मालवस्तु ढुवानी गर्ने साधनको अस्थायी पैठारी

क्र.स.	पैठारी विवरण
	भन्सार महसुल विधेयक, २०८१ अनुसुची ५
१	विदेशबाट एल.पी. ग्याँस बोकी ल्याउने मालवाहक कन्टेनर (बुलेट) लाई गन्तव्यस्थलमा अनलोड गर्नका लागि **वस्तु जाचँपास भएको** छ्यानब्बे घण्टासम्म ~~अस्थायी पैठारी महसुल लाग्ने छैन का~~ **लागि एक हजार पाँच सय रुपैयाँ** ।
२	विदेशबाट एल.पी. ग्याँस बाहेक अन्य मालवस्तु ढुवानी गरी ल्याएको ट्रक, ट्रेलर ट्रयाक्टर र अन्य ढुवानीका साधनहरुलाई सो मालवस्तु गन्तव्यस्थलमा अनलोड गरि फर्कनका लागि वस्तु जाचँपास भएको बहत्तर घण्टासम्म का लागि ~~अस्थायी पैठारी महसुल लाग्ने छैन~~ **एक हजार पाँच सय रुपैयाँ** ।
३	~~विदेशबाट मालवस्तु ढुवानी गरी नेपाल प्रवेश गरेका ट्रक र मालवस्तु सहितको कन्टेनर बोकी आएको ट्रेलरले भन्सार क्षेत्रबाहिरबाट मालवस्तु लोड गरी अठ्चालीस घण्टाभित्र फर्केमा अस्थायी पैठारी महसुल लाग्ने छैन ।~~

तपाईका व्यवहारीक समस्याहरु !

धन्यवाद !

सिए. सगुण खनाल,